मितिः २९ मार्च, २०२५

प्रेस विज्ञप्ति

राजावादीहरुको आन्दोलनको क्रममा तीनकुने काठमाडौंमा शुक्रबार भएको आगजनीमा परि एभिन्युज टेलिभिजनका पत्रकार सुरेश रजकको दुःखद निधन प्रति हामी स्तब्ध भएका छौं।

प्रप्रदर्शनकारीद्वारा सञ्चारकर्मीमाथि गरिएको आक्रमण, कान्तिपुर टेलिभिजन र अन्नपूर्ण पोस्ट कार्यालयमा तोडफोड, हिमालय टेलिभिजनको गाडीमा क्षति पु-याउने कार्य तथा सार्वजनिक तथा नीजि सम्पत्ति माथिको आगजनी र लुटपाट जस्ता हिंसात्मक क्रियाकलाप प्रति नेपाल पत्रकार महासंघ बेलायत शाखा घोर भर्त्सना गर्दै पत्रकार सुरेश रजकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ।

शान्तिपूर्ण आन्दोलन लोकतान्त्रिक अधिकार हो । तर पत्रकारको ज्यान लिने, सञ्चार माध्यम माथि आक्रमण गर्ने तथा प्रेस स्वतन्त्रताको अधिकार सदुपयोगमा  खलल पु-याउने कार्य पूर्ण रूपमा अस्वीकार्य, निन्दनीय र आपराधिक छ। सरकारले प्रेस स्वतन्त्रताको रक्षा गर्दै सञ्चारगृह तथा सञ्चारकर्मीहरूको सुरक्षा सुनिश्चित गर्न, घटनामा संलग्न दोषीलाई तत्काल कानुनी कारवाही गर्न र भविष्यमा यस्ता घटनाहरू नदोहोरिउन भन्ने सुनिश्चित गर्न कठोर कदम चाल्न  शाखाको जोडदार माग छ।

विमला सेने

अध्यक्ष

खेमराज रानाभाट

महासचिव